नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्याः २०७५।७६

चलानी नं. ६११

मितिः २०७५।१।९

**विषयः मेलमिलापकर्ताहरुको दोस्रो राष्ट्रिय सम्मेलनमा सहभागिता सम्बन्धमा ।**

श्री काठमाडौं, ललितपुर, पोखरा, वीरगंज र भरतपुर महानगरपालिका ।
श्री जनकपुर, बुटवल, जीतपुर सिमरा, तुलसीपुर, धनगढी उपमहानगरपालिका ।
श्री सुन्दरहरैचा, रामधुनीभासी, त्रियुगा, व्यास, वागलुङ, वीरेन्द्रनगर, शारदा, भीमदत्त, अमरगढी नगरपालिका ।
श्री सियारी, गुराँस गाउँपालिका ।

मेलमिलाप परिषद्कोको च.नं. ३२६ मिति २०७६।१।३ को मेलमिलापकर्ताहरुको दोस्रो राष्ट्रिय सम्मेलनमा सहभागी मनोनयन गरी पठाइदिन अनुरोध भई आएकोले तहाँको उप प्रमुख/उपाध्यक्षलाई सहभागी हुन पठाउने भनी निर्णय भएकोले उक्त कार्यक्रममा सहभागिताका लागि निर्णयानुसार अनुरोध छ ।

(**पुनश्चः** कार्यक्रम सम्बन्धी अन्य जानकारी मेलमिलाप परिषद्बाट प्राप्त यसैसाथ संलग्न पत्रबाटै अवगत गर्नुहुन अनुरोध छ ।)

**बोधार्थः**
श्री मेलमिलाप परिषद, रामशाहपथ, काठमाडौं ।
श्री सूचना प्रविधि शाखाः यस पत्रलाई मन्त्रालयको web site मा upload गरिदिनुहुन अनुरोध छ ।

केशवराज पाढे
शाखा अधिकृत

"हाम्रो समस्या, हामी समाधान : मेलमिलाप"

# मेलमिलाप परिषद
# (Mediation Council)

सर्वोच्च अदालत परिसर
रामशाहपथ, काठमाडौं, नेपाल
☎ ०१-४२००७११, ०१-४२००७१४
e-mail : mediationcouncil@gmail.com
website : www.mediationcouncil.gov.np

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मिति :-
च.न. :- ३२६

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्युको कार्य कक्ष
दर्ता नम्बर:- ९२९६
१।७

२०७६।०१।०३

विषयः सहभागी मनोनयन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

उपरोक्त विषयमा विवाद समाधानको एक भरपर्दो र आशलाग्दो विधिको रुपमा मेलमिलापको अवधारणा विकसित भईरहेको सन्दर्भमा मेलमिलाप कार्यसँग सम्वद्ध संस्था तथा व्यक्तिहरुको वृहद् प्रतिनिधित्व गराई सहयोग, समन्वय र सहकार्यको वातावरण निर्माण गरी मेलमिलापको प्रक्रियालाई थप प्रभावकारी बनाउने उद्देश्यले देहायको मिति, समय र स्थानमा मेलमिलापकर्ताहिरुको दोस्रो राष्ट्रिय सम्मेलन आयोजना हुने भएकोले उक्त सम्मेलनमा सहभागी हुनका लागि स्थानीय न्यायिक समितिका अध्यक्षहरुमध्येबाट प्रत्येक प्रदेशबाट तीन (३) जनाका दरले जम्मा २१ जना सहभागीहरु मनोनयन गरी (सम्पर्क नम्बर सहितको नामावली) सात दिनभित्र परिषद्को सचिवालयमा उपलब्ध गराईदिनु हुन अनुरोध छ।

मितिः २०७६ साल बैशाख १६ र १७ गते।
समयः बिहान ८:०० बजे ।
स्थानः होटल हिमालय, कुपन्डोल, ललितपुर।

सम्पर्क व्यक्तिः श्री विकाश कुमार रजक, शाखा अधिकृत, मेलमिलाप परिषद्, मोबाइल नं. ९८४९२८०४०५
कार्यालयः ०१-४२००७१४, ०१-४२००७११

(पुनश्चः उपत्यका बाहिरबाट सम्मेलनमा सहभागी हुने प्रतिनिधिलाई स्थलगत मार्गबाट यात्रा गरे बापतको भ्रमण भत्ता मात्र उपलब्ध गराईने र आवासीय कार्यक्रम नभएको हुँदा बसोबासको प्रबन्ध सहभागी स्वयंले गर्नु पर्नेछ।)

श्रीलाल पौडेल
सचिवालय प्रमुख

०७६।१।६